आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको दशौं वार्षिक साधारण सभाको निर्णयको विवरण (माईन्युट)

आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको दशौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

१. सभा संचालन मिति, समय र स्थान :

मिति : २०८० साल मंसिर १५ गते शुक्रबार (1 December, 2023)

समय : बिहानको ९:०० बजे देखि

स्थान : वेष्टर्न एशियन होटल प्रा.लि., बुटवल-१०, कालिकानगर, रूपन्देही

२. सभाको सूचना :

(क) वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम प्रथम पटक मिति २०८०/०७/२० गते र दोश्रो पटक मिति २०८०/०८/०७ गतेको अन्नपूर्ण पोष्ट दैनिकमा छलफलका विषयसूची, सभा हुने मिति, स्थान र समय सहितको सूचना प्रकाशित गरिएको थियो । साथै वित्तीय संस्थाले साधारण सभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को दशौं वार्षिक प्रतिवेदन शेयर सदस्यलाई पठाउनुको साथै वित्तीय संस्थाको वेबसाईट www.rsdcmf.com मा समेत राखिएको थियो ।

(ख) वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन सम्बन्धित नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल राष्ट्र बैंक, बाह्य लेखापरीक्षक, आन्तरिक लेखापरीक्षकलाई अनुरोध गरी पत्राचार गरिएको थियो ।

३. सभामा प्रस्तुत छलफलका विषयहरु:

क) सामान्य प्रस्ताव:

१. दशौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८० को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।
३. आर्थिक वर्ष २०८०/८१ का लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।
४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ०.४५२६ (शुन्य दशमलव चार पाँच दुई छ) प्रतिशतले हुने रकम रु. ३९ लाख ३५ हजार ९ सय ४० रुपैयाँ २७ पैसा मात्र (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न स्विकृति प्रदान गर्ने ।

ख) विशेष प्रस्ताव:

१. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजीको ८.६ (आठ दशमलव छ) प्रतिशतले हुने रकम रु. ७ करोड ४७ लाख ८२ हजार ८ सय ६५ रुपैयाँ २२ पैसा बराबरको बोनस शेयर वितरण गर्न स्विकृति प्रदान गर्ने ।
२. संस्थाको जारी तथा चुक्ता पूँजी रु. ८६ करोड ९५ लाख ६८ हजार २ सय बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रु. ९४ करोड ४३ लाख ५१ हजार ६५ रुपैयाँ २२ पैसा पूऱ्याउने ।
३. प्रस्तावित बोनस शेयर वितरण पश्चात् कायम हुने शेयर पूँजीको आधारमा, वित्तीय संस्थाको शेयर संरचना परिमार्जन गरी संस्थापक शेयरधनी (समुह "क") को स्वामित्व ५१ प्रतिशत तथा सर्वसाधारण शेयरधनी (समुह "ख") को स्वामित्व ४९ प्रतिशत कायम गर्ने ।
४. प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।
५. शेयर संरचनामा परिवर्तन पश्चात नियमावलीको दफा २७ र ३१ मा रहेको सञ्चालक समिति सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

६. नियमावलीको दफा ३२ मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थामा समसामयिक परिमार्जन गर्ने ।

७. प्रस्तावित संशोधन/परिमार्जनमा नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

८. यस वित्तीय संस्था तथा अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अवलम्बन गरी अन्य वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविधः

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(३) अनुसार स्वतन्त्र सञ्चालक नियुक्तिको जानकारी सम्बन्धमा ।

४. सभामा उपस्थितिः

(क) सञ्चालकहरुको उपस्थितिः

१) श्री राजेन्द्र प्रसाद दाहाल	अध्यक्ष
२) श्री चन्द्रराज शर्मा	सदस्य
३) श्री बिष्णु प्रसाद पौड्याल	सदस्य
४) श्री दामोदर जोशी	सदस्य
५) श्री अमर डंगोल महर्जन	सदस्य
६) श्री शान्ति प्रसाद उप्रेती	सदस्य
७) श्री सविना राना	सदस्य
७) श्री ध्रुव कुमार पौडेल	प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

(ख) शेयरधनीहरुको उपस्थितिः

स्वयम् उपस्थित	- २०८ जना
प्रोक्सी मार्फत उपस्थित	- ९२ जना
जम्मा शेयरको प्रतिनिधित्व	- ४८,४३,६३२.४६ कित्ता
उपस्थिति प्रतिशत	- ५५.७० प्रतिशत

(ग) आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक एवं अन्य उपस्थितिः

१. श्री योगेन्द्र राना	प्रतिनिधि	- ग्लोबल आईएमई बैंक लि.
२. श्री प्रमोद पन्थी	पर्यवेक्षक	- आन्तरिक लेखापरीक्षक

५. सभाको वैधानिकता:

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान भए अनुसार विहान ९:३० बजेसम्म कुल शेयर संख्या ८६,९५,६८२ कित्ताको ५० प्रतिशत भन्दा बढी शेयर संख्याको स्वयं तथा प्रतिनिधि मार्फत तीन जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन हुँदा सम्मको हाजिरी अभिलेख अनुसार ४८,४३,६३२.४६ कित्ता शेयर तथा ३०० शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

६. अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुतः

उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभामा स्वागत गर्दै कम्पनी सचिवले सञ्चालक समितिको तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अध्यक्षलाई आग्रह गर्नु

भयो । सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले संस्थाको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन सभामा वाचन गरी प्रस्तुत गर्नुभयो । (संलग्न)

७. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरु:

अध्यक्षको प्रतिवेदन पश्चात कम्पनी सचिवबाट उक्त प्रतिवेदन तथा आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक विवरण, आषाढ मसान्त २०८० सम्मको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन लगायत आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु उपर जिज्ञासा, टिप्पणी र सुझावको लागि शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भएकोमा देहाय बमोजिमका शेयरधनी महानुभावहरुवाट जिज्ञासा, टिप्पणी तथा सुझावहरु प्राप्त भएको थियो ।

क. श्री खेम प्रसाद लुईटेल :

शेयरधनी श्री खेम प्रसाद लुईटेलले निष्कृय कर्जामा वृद्धि हुनुको कारण, संस्थाले कर्जा लगानी गर्दा साझेदार संस्था छनौट गर्ने प्रकृया तथा मापदण्ड र मर्जरको सम्भावना तथा उपयुक्त संस्था छनौटको आधार बारे जिज्ञासा राख्दै संस्थाको उत्तरोत्तर प्रगतीको कामना गर्नु भयो ।

ख. श्री राम प्रसाद न्यौपाने :

शेयरधनी श्री राम प्रसाद न्यौपानेले सभालाई सम्बोधन गर्दै मर्जर/प्राप्ति मा जोड दिनु भन्दा संस्थालाई अझ सबल बनाउन सुझाव दिँदै, हालसम्मको वित्तीय संस्थाको समग्र प्रगति सन्तोषजनक रहेकोले त्यसको लागि सञ्चालक समितिलाई धन्यवाद दिनुभयो ।

ग. श्री हरि प्रसाद भट्टराई :

शेयरधनी श्री हरि प्रसाद भट्टराईले वित्तीय संस्था स्थापनाको पृष्ठभुमीमा जोड दिँदै मर्जर/प्राप्तिमा जानुपर्ने भएमा थोक लघुकर्जा प्रदायककै रुपमा रहने गरी जानु उपयुक्त हुने सुझाव दिँदै वर्तमान अवस्थामा प्रस्ताव गरिएको लाभांश सन्तोषजनक भएको धारण व्यक्त गर्नु भयो ।

घ. श्री गिरिराज ज्ञवाली :

शेयरधनी श्री गिरिराज ज्ञवालीले सञ्चालकको भत्तालाई शेयरधनीहरुले पाउने लाभांशसंग आवद्ध गरियोस् भन्ने सुझाव दिनु भयो ।

८. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावको जवाफ:

शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावको जवाफ अध्यक्ष, तथा प्रमुख कार्यकारी अधिकृतले दिँदै शेयरधनी महानुभावहरुले दिनुभएको सुझाव, हौसला तथा सकारात्मक प्रतिकृयाले संस्थालाई अगाडी बढाउन थप प्रेरणा मिलेको र संस्था प्रतिवद्ध रहेको बताउनु भयो ।

९. सभाको प्रस्ताव तथा निर्णयहरु:

(क) सामान्य प्रस्ताव :

१. दशौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले सभामा प्रस्तुत गर्नुभएको सञ्चालक समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८० को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८० को वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

३. आर्थिक वर्ष २०८०/८१ का लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।

आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा लेखापरीक्षण समितिको सिफारिसमा संचालक समिति मार्फत सभामा पेश भएको प्रस्ताव प्रस्तुत हुँदा सभाबाट श्री पिवाइसी एण्ड एशोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री युद्धराज वली लाई रु. ३,२५,०००।- (अक्षरेपि तिन लाख पच्चिस हजार रुपैयाँ मात्र) कर बाहेक लेखापरीक्षण शुल्क प्रदान गर्ने गरी आर्थिक वर्ष २०८०/८१ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ०.४५२६ (शुन्य दशमलव चार पाँच दुई छ) प्रतिशतले हुने रकम रु. ३९ लाख ३५ हजार ९ सय ४० रुपैयाँ २७ पैसा मात्र (बोनस शेयरको कर प्रयोजनार्थ वितरण गर्न स्विकृति प्रदान गर्ने ।

सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ०.४५२६ (शुन्य दशमलव चार पाँच दुई छ) प्रतिशतले हुने रकम रु. ३९ लाख ३५ हजार ९ सय ४० रुपैयाँ २७ पैसा मात्र (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजीको ८.६ (आठ दशमलव छ) प्रतिशतले हुने रकम रु. ७ करोड ४७ लाख ८२ हजार ८ सय ६५ रुपैयाँ २२ पैसा बराबरको बोनस शेयर वितरण गर्न स्विकृति प्रदान गर्ने ।

सञ्चालक समितिले प्रस्ताव गरेको चुक्ता पूँजीको ८.६ (आठ दशमलव छ) प्रतिशतले हुने रकम रु. ७ करोड ४७ लाख ८२ हजार ८ सय ६५ रुपैयाँ २२ पैसा बराबरको बोनस शेयर वितरण गर्न स्विकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

२. संस्थाको जारी तथा चुक्ता पूँजी रु. ८६ करोड ९५ लाख ६८ हजार २ सय बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रु. ९४ करोड ४३ लाख ५१ हजार ६५ रुपैयाँ २२ पैसा पूऱ्याउने ।

वित्तीय संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी रु. ८६ करोड ९५ लाख ६८ हजार २ सय बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रु. ९४ करोड ४३ लाख ५१ हजार ६५ रुपैयाँ २२ पैसा पूऱ्याउने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

३. प्रस्तावित बोनस शेयर वितरण पश्चात् कायम हुने शेयर पूँजीको आधारमा, वित्तीय संस्थाको शेयर संरचना परिमार्जन गरी संस्थापक शेयरधनी (समुह "क") को स्वामित्व ५१ प्रतिशत तथा सर्वसाधारण शेयरधनी (समुह "ख") को स्वामित्व ४९ प्रतिशत कायम गर्ने ।

प्रस्तावित बोनस शेयर वितरण पश्चात् कायम हुने शेयर पूँजीको आधारमा, वित्तीय संस्थाको शेयर संरचना परिमार्जन गरी संस्थापक शेयरधनी (समुह "क") को स्वामित्व ५१ प्रतिशत तथा सर्वसाधारण शेयरधनी (समुह "ख") को स्वामित्व ४९ प्रतिशत कायम गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

४. प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

वित्तीय संस्थाको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन/परिमार्जन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

प्रबन्धपत्रमा संशोधन :

दफा ६ (ख) वित्तीय संस्थाको जारी शेयर पूँजी रु. ९४,४३,५१,०६५।२२ (चौरानब्बे करोड त्रिचालिस लाख एकाउन्न हजार पैसट्ठी रुपैयाँ र बाईस पैसा) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ९४,४३,५१०।६५ (चौरानब्बे लाख त्रिचालिस हजार पाँच सय दश दशमलव छ पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ९४,४३,५१,०६५।२२ (चौरानब्बे करोड त्रिचालिस लाख एकाउन्न हजार पैसट्ठी रुपैयाँ बाईस पैसा) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ९४,४३,५१०।६५ (चौरानब्बे लाख त्रिचालिस हजार पाँच सय दश दशमलव छ पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (घ) वित्तीय संस्थाले जारी पूँजीको ४९ प्रतिशत साधारण शेयर सर्वसाधारणको लागि छुट्टयाएको छ ।

दफा ६ (ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ५१ प्रतिशत हुनेछ ।

दफा ६ (च) सर्वसाधारण शेयर खरिद गर्ने शेयरधनीहरुलाई समूह "ख" मा वर्गीकरण गरिने छ र यो समूहको शेयर स्वामित्व ४९ प्रतिशत हुनेछ ।

५. शेयर संरचनामा परिवर्तन पश्चात नियमावलीको दफा २७ र ३१ मा रहेको सञ्चालक समिति सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

शेयर संरचनामा परिवर्तन पश्चात नियमावलीको दफा २७ र ३१ मा रहेको सञ्चालक समिति सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

नियमावलीमा संशोधन :

दफा २७ (२) यस वित्तीय संस्थामा ७ जनाको सञ्चालक समिति हुनेछ, जसमा संस्थापक समुहबाट निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुनेछन् ।

दफा ३१ (क) संस्थापकहरु मध्ये जम्मा ३ जना सञ्चालकहरु आपसी समझदारीबाट मनोनित वा निर्वाचित हुनेछन् ।

दफा ३१ (ख) समूह "ख" का सर्वसाधारण शेयरधनीहरुबाट ३ जना निर्वाचित हुनेछन् ।

६. नियमावलीको दफा ३२ मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थामा समसामयिक परिमार्जन गर्ने ।

नियमावलीको दफा ३२ मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थामा समसामयिक परिमार्जन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

नियमावलीमा संशोधन :

दफा ३२ (१-ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमशः रु. ८,५००।- र रु. ७,५००।- हुनेछ ।

दफा ३२ (१-ग/अ) स्वदेशमा दैनिक भ्रमण भत्ता रु.७,५००।-

दफा ३२ (१-ग/ई) यातायात खर्च बिल बमोजिम हुनेछ र स्थानीय यातायात खर्च वास्तविक खर्च भएको आधारमा अधिकतम रु. ३,०००।- सम्म मात्र हुनेछ ।

७. प्रस्तावित संशोधन/परिमार्जनमा नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

साधारण सभाबाट पारित संशोधन/परिमार्जनमा नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी अन्तिम रुप दिन र साधारण सभाका निर्णय कार्यान्वयन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

८. यस वित्तीय संस्था तथा अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अवलम्बन गरी अन्य वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

यस वित्तीय संस्था तथा अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन गर्दै, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अवलम्बन गरी अन्य वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

ग) विविध :

१. यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालकको रिक्त रहेको पदमा नियुक्त हुन योग्य श्री सविना रानालाई मिति २०८० भाद्र १६ गते बसेको संचालक समितिको १४६ औं बैठकले नियुक्त गरेको ब्यहोरा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(३) अनुसार साधारण सभालाई जानकारी गराईयो ।

२. कम्पनी ऐन २०६३ को दफा ७७ (२) बमोजिम विविध शीर्षक तथा प्रस्तावहरु उपर छलफल गर्न ७ दिन अगावै अध्यक्ष मार्फत लिखित रुपमा जानकारी दिनु पर्ने व्यवस्था अनुरुप कुनै पनि प्रस्ताव दर्ता नभएकोले कम्पनी ऐनमा व्यवस्था भए बमोजिम साधारण सभाको निर्णय पुस्तिका अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने र सम्बन्धित निकायहरुलाई पठाउने ब्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

१०. धन्यवाद ज्ञापन तथा सभाको समापन र विसर्जन :

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षले दशौं वार्षिक साधारण सभामा सहभागी शेयरधनी महानुभावहरु, सञ्चालकहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नुहुने नियमनकारी निकायहरु, समस्त साझेदार संस्थाहरु, कर्मचारी परिवार लगायतलाई वहाँहरुले आ-आफ्नो तर्फबाट दिनुभएको योगदानको कदर गर्दै शेयरधनी महानुभावहरुले सकारात्मक मन्तव्य तथा सुझावहरु प्रस्तुत गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नु भयो ।

अन्त्यमा, सभाका अध्यक्षले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभा दिनको १२:२० बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

धुव कुमार पौडेल
कम्पनी सचिव

राजेन्द्र प्रसाद दाहाल
अध्यक्ष